## लगातारको वर्षाले सर्वसाधारण त्रासमा

# एक जनाको मृत्यु दस घरपरिवार विस्थापित

**मुसीकोट समाचारदाता**
*रुकुमपश्चिम, असार २१ गते*

शनिबार रातिदेखिको अविरल वर्षाले क्षति गर्न थालेपछि रुकुमपश्चिम र डोल्पाका स्थानीयमा त्रास बढ्दो छ। बाढीले एक जनाको मृत्यु भएको छ भने छ जना घाइते भएका छन्। बाढी नै गाउँमा पसेपछि दस घर परिवार विस्थापित भएका छन्।

जिल्ला प्रहरी कार्यालय डोल्पाका प्रहरी नायब उपरीक्षक (डिएसपी) अनिलराज गिरीका अनुसार जगदुल्ला गाउँपालिका–५, गैरीगाउँमा लेदोसहितको बाढीले बगाउँदा स्थानीय ५६ वर्षीय आनन्दी विकको मृत्यु भएको छ भने अन्य छ जना घाइते भएका छन्। घरमा पुरिएको अवस्थामा उद्धार गरेर उपचारका लागि स्वास्थ्य चौकी काईगाउँतर्फ लैजाने क्रममा आनन्दीको मृत्यु भएको डिएसपी गिरीले जनाउनुभयो।



तस्बिर सौजन्य : जिल्ला प्रहरी कार्यालय डोल्पा

**डोल्पामा बाढीले क्षति गरेको बस्ती।**

उहाँका अनुसार निरन्तरको वर्षासँगै धुलाखोलामा आएको हिलोमाटोसहितको बाढी गाउँमा पसेर क्षति गरेको हो। उक्त बाढीमा परी अन्य छ जना घाइते भएका छन्। घाइतेमध्ये एक जनाको अवस्था गम्भीर भएपछि थप उपचारका लागि हेलिकोप्टरमार्फत सुर्खेत लगिएको छ। डिएसपी गिरीले घाइते ४४ वर्षीय रेउली विकलाई थप उपचारका लागि हेलिकोप्टरमार्फत उद्धार गरिएको बताउनुभयो। लेदोसहितको बाढीले बगाउँदा उहाँको कम्मरभन्दा तलको भागमा गम्भीर चोट लागेको छ।

घटनामा घाइते भएका सोही गाउँका ५० वर्षीय चाउरी विक, ४८ वर्षीय विष्णु विक, १५ वर्षीय निरुता विक, १३ वर्षीय सीता विक र ६५ वर्षीय जस विकको स्थानीय स्वास्थ्य चौकीमा उपचारपछि डिस्चार्ज गरिएको प्रहरीले जानकारी दिएको छ। उक्त बाढीका कारण १० वटा घरमा क्षति पुगेको छ। प्रहरीका अनुसार स्थानीय नवीन विक, सेतु विक, राजेन्द्र विक, मीनराज विक, नैनसिंह विक, रातो विक, रेउली विक, आनन्दा विक, ढोली कामी र सङ्गीता बुढाको घरमा क्षति पुगेको हो। यी परिवार विस्थापित भएर कसैलाई आफन्तकोमा र कसैलाई सार्वजनिक स्थानमा सारिएको छ।

त्यसै गरी गए रातिको अविरल वर्षाको कारण आएको बाढीले रुकुमपश्चिमको आठबिसकोट नगरपालिका–११ को एक परिवार विस्थापित भएको छ। प्रहरी नायब उपरीक्षक वेदबहादुर पौडेलका अनुसार धर्सेनीगाउँमा आएको बाढीका कारण स्थानीय सविता कामीको पाँच जनाको परिवार विस्थापित भएको छ। उहाँको घरमा स्थानीय खहरेखोलाको बाढी पसेर उच्च जोखिम भएपछि राति नै प्रहरी टोली पुगेर उद्धार गरेको थियो। घरका सामानसहित उहाँको परिवारलाई स्थानीय गङ्गा आग्री र निर्माण आग्रीको घरमा स्थानान्तरण गरिएको छ।

## हुम्ला पूर्ण खोप सुनिश्चित

**रलिङ समाचारदाता**
*रलिङ (हुम्ला), असार २१ गते*

हुम्लालाई पूर्ण खोप दिगोपना सुनिश्चित जिल्ला घोषणा गरिएको छ। स्वास्थ्यसेवा कार्यालय हुम्लाको आयोजना तथा जिल्ला खोप समन्वय समितिको सहकार्यमा आइतबार हुम्लालाई पूर्ण खोप दिगोपना सुनिश्चित जिल्ला घोषणा गरिएको हो।

स्वास्थ्य सेवा कार्यालय हुम्लाका प्रमुख डा. उमाकान्त तिवारीका अनुसार जन्मेदेखि १५ महिनासम्मका एक हजार ३७ जना र १६ महिनादेखि ५९ महिनाका दुई हजार ३३४ गरी कुल तीन हजार ३७१ बालबालिका पूर्ण खोपबाट लाभान्वित भएका छन्। भौगोलिक रूपमा विकट जिल्ला भए पनि स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, स्थानीय तहका जनप्रतिनिधि तथा स्थानीय समुदायको सक्रिय सहभागिताका कारण पूर्ण खोप दिगोपना सुनिश्चित गर्न सफलता प्राप्त भएको डा. तिवारीको भनाइ छ।

सिमकोट गाउँपालिकाका अध्यक्ष विजय भण्डारीले अब घोषणा मात्र नभई यस उपलब्धिलाई दीर्घकालसम्म कायम राख्नु सबै पक्षको साझा जिम्मेवारी रहेको धारणा राख्नुभयो।

जिल्लामा नियमित खोप कार्यक्रमलाई प्रभावकारी बनाउँदै कुनै पनि बालबालिका खोपसेवाबाट वञ्चित नहुने वातावरण सिर्जना गर्नका लागि सरोकारवाला निकायको थप भूमिका प्रभावकारी हुनुपर्ने खोप समन्वय समिति संयोजक शिवराज शर्माले बताउनुभयो। सहभागीले पूर्ण खोप दिगोपना सुनिश्चित जिल्ला घोषणा हुम्लाको सार्वजनिक स्वास्थ्यक्षेत्रमा महत्त्वपूर्ण उपलब्धि भएको उल्लेख गर्दै आगामी दिनमा पनि नियमित खोप कार्यक्रमलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गर्दै सबैले हस्ताक्षर गरी प्रतिबद्धता जनाएका थिए।

## राजमार्गका पहिरो हटाउन नाकामा उपकरण तैनाथ



फाइल तस्बिर

**कर्णाली राजमार्गको कालीकोट खण्डमा गएको पहिरो हटाइँदै।**

**सुर्खेत समाचारदाता**
*सुर्खेत, असार २१ गते*

बर्खायाममा राष्ट्रिय राजमार्गलाई अवरोध गर्ने पहिरो हटाउन विभिन्न जिल्ला नाकामा उपकरण तैनाथी अवस्थामा राखिएको छ। सडक डिभिजन कार्यालयले सुर्खेत–जुम्लाको कर्णाली राजमार्ग, सुर्खेत–डोल्पाको भेरी कोरिडोर, कोहलपुर–सुर्खेत, सुर्खेत–दैलेख सडकका नाकामा जेसिबी र लोडर तैनाथ अवस्थामा राखेको हो।

कार्यालयले वर्षा अवधिभर पहिरो जान सक्ने स्थानलाई पायक पर्ने गरी विभिन्न ठाउँमा पहिरो हटाउने उपकरण राखिएको जनाएको छ। कार्यालयका सूचना अधिकारी इन्जिनियर रूपेश केसीले कर्णाली राजमार्गका लागि तल्लो डुङ्गेश्वर, राकममा उपकरण राखिएको जानकारी दिनुभयो। यस्तै सुर्खेत–दैलेख सडकका लागि तालपोखरीमा, भेरी कोरिडोरका लागि बोटेचौर र छिन्चुमा पनि ती उपकरण राखिएका छन्। पहिरोले सडक अवरुद्ध भएको खबर प्राप्त हुनासाथ बढीमा दुई/तीन घण्टाभित्र खुलाइसक्ने गरी उपकरण तैनाथ अवस्थामा राखिएको इन्जिनियर केसीले बताउनुभयो। असोजसम्म नाकाहरूमा पहिरो हटाउन उपकरण राखिने कार्यालयले जनाएको छ।

यस वर्षको असार तेस्रो सातासम्म पहिरो जाने गरी वर्षा भएको छैन। जसका कारण सडक अहिलेसम्म अवरुद्ध भएका छैनन्। कर्णालीमा विशेष गरी कर्णाली राजमार्गको दैलेख र कालीकोट खण्डमा बढी पहिरो जाने गर्दछ। पादुका, राकम, दहीखोला, सुनारखोलामा बढी पहिरो जाने गरेको छ भने सुर्खेत–दैलेख खण्डमा रानीमत्ता, माथिल्लो डुङ्गेश्वर, गुराँसेमा बढी पहिरो जाने गरेको छ। यस्तै कोहलपुर–सुर्खेत खण्डको हर्रे, देउराली अवरुद्ध हुने गरेको छ।

सडक डिभिजन कार्यालयका सूचना अधिकारी इन्जिनियर रूपेश केसीले यस वर्ष विगतको जस्तो अवस्था अझै नआए पनि पहिरोले सडक अवरुद्ध भएको सूचना पाएको दुई/तीन घण्टाभित्र खुलाइसक्ने गरी विभिन्न स्थानमा उपकरण राखिएको बताउनुभयो। यसका साथै नजिकको स्थानीय तहसँग भएका उपकरण पनि प्रयोगमा ल्याउन समन्वय हुने उहाँको भनाइ छ।

## बहाब बढेपछि सचेत रहन आग्रह

**हुम्ला समाचारदाता**
*हुम्ला, असार २१ गते*

जिल्ला प्रशासन कार्यालय हुम्लाले कर्णाली नदीको किनारमा बस्दै आएका स्थानीयलाई सचेत रहन आग्रह गरेको छ। लगातार वर्षा भइरहेका कारण कर्णाली नदीमा पानीको बहाब सधैँभन्दा निकै माथि आएपछि स्थानीयवासीलाई सचेत रहन आग्रह गरिएको हो।

प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीले कर्णाली नदीको किनारमा हिल्सादेखि कवाडीसम्म बसोबास गर्ने बासिन्दालाई सचेत र सजग रहनका लागि आग्रह गर्नुभएको छ। यी क्षेत्रको नदीको बहाब सधैँभन्दा माथि आइसकेका कारण हुने सक्ने सम्भावित जोखिमबाट सुरक्षित रहनका लागि पनि स्थानीय सतर्क रहनुपर्ने उहाँको भनाइ छ। उहाँले नदी किनारमा नजान र पौडी पनि नखेल्न स्थानीयलाई आग्रह गर्नुभयो।

हिल्सादेखि कवाडीसम्मका १३ वटा बस्ती डुबान गर्ने जोखिम पनि बढेको छ।

## दैलेखमा पूर्ण खोप

**पञ्चकोशी समाचारदाता**
*पञ्चकोशी (दैलेख), असार २१ गते*

दैलेखलाई पूर्ण खोप सुनिश्चितता निरन्तरता तथा दिगोपना जिल्ला घोषणा गरिएको छ। जिल्लाका सबै बालबालिकाले पाउनुपर्ने सम्पूर्ण गुणस्तरीय खोपसेवा प्राप्त गरेको सुनिश्चित भएपछि जिल्लालाई पूर्ण खोप सुनिश्चितता, निरन्तरता तथा दिगोपना जिल्ला घोषणा गरिएको हो।

स्वास्थ्यसेवा कार्यालय दैलेखका खोप अधिकृत थिरप्रसाद रेग्मीका अनुसार जिल्लामा रहेका १५ महिनाभित्रका तीन हजार २३४ बालबालिकाले नियमित पूर्ण खोप लगाएको जनाउनुभयो।


### बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको सूचना
**(सूचना प्रकाशित मिति : २०८३।०३।२२)**

यस प्रतिष्ठानलाई आवश्यक MRI Machine खरिद गर्नुपर्ने भएकोले प्रारम्भिक छलफलका लागि नेपालमा रहेका विभिन्न उत्पादक कम्पनीका आधिकारिक आपूर्ति कर्ताहरूबाट MRI Machine हरूको Configurations, Application, Budget एवं प्राविधिक विवरणबारे Presentation गर्ने कार्यका लागि प्रतिष्ठानको वेबसाइट www.bpkihs.edu मा सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई सूचित गरिन्छ।

### बढुवा समितिको सचिवालय
### स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशको सूचना
**(प्रकाशित मिति : २०८३।०३।२२ गते)**

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशको देहायको बढुवा सूचना नं., सेवा, समूह, उपसमूह, पद र तहको रिक्त पदमा ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनको आधारमा हुने बढुवाका लागि बढुवा समितिको देहायको मितिको निर्णयानुसार देहाय बमोजिमका योग्यता क्रमका उम्मेदवारलाई बढुवाका लागि सिफारिस गर्ने निर्णय भएकोले गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४६ को प्रयोजनका लागि दफा ४५ बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

**बढुवा सूचना नं. ८२/२०८२–८३ — निर्णय मिति : २०८३।०३।१८**
**प्रदेश स्वास्थ्य सेवा/जनरल नर्सिङ समूह/नर्सिङ अधिकृत/सातौँ तह**

| योग्यता क्रम नं. | कर्मचारी सङ्केत नम्बर | उम्मेदवारको नाम, थर |
|---|---|---|
| १ | १८३०३६ | सरस्वती बराल |

**बढुवा सूचना नं. ८४/२०८२–८३ — निर्णय मिति : २०८३।०३।१८**
**प्रदेश स्वास्थ्य सेवा/मे.ल्या.टे. समूह/मेडिकल ल्याब टेक्नोलोजिस्ट/सातौँ तह**

| योग्यता क्रम नं. | कर्मचारी सङ्केत नम्बर | उम्मेदवारको नाम, थर |
|---|---|---|
| १ | १८१३६५ | ललित वहादुर पौडेल |

### नेपाल धितोपत्र बोर्ड
**व्यवस्थापन तथा कानून विभाग**
**खुमलटार, ललितपुर**
**०१–५२५४०५७, ५२५३१६२**

### मुद्दती खातामा लगानी गर्न प्रकाशन गरिएको सूचना।
**(प्रकाशित मिति : २०८३।०३।२२)**

यस बोर्डको अक्षय कोषको रकम र लगानी योग्य रकमलाई "नेपाल धितोपत्र बोर्ड लगानी सम्बन्धी नीति २०६७" को अधीनमा रही मुद्दती खातामा लगानी गर्नुपर्ने भएकोले आफूले दिन सक्ने १ वर्षे ब्याज दर सहित इच्छुक 'क' वर्गका वाणिज्य बैंक, राष्ट्रिय स्तरका 'ख' वर्गका विकास बैंक र राष्ट्रिय स्तरका 'ग' वर्गका वित्तीय संस्थाहरूले यो सूचना प्रकाशित भएको मितिले पाँच कार्य दिन (मिति २०८३/०३/२६) का दिन कार्यालय समयभन्दा एक घण्टा अगाडि "नेपाल धितोपत्र बोर्ड लगानी सम्बन्धी नीति २०६७" बमोजिम योग्यता खुल्ने आवश्यक कागजात सहित सिलबन्दी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

प्राप्त सिलबन्दी प्रस्तावहरू सिलबन्दी प्रस्ताव पेश गर्ने अन्तिम दिनको अपराह्न ५:०५ बजे बोर्डको कार्यालय, खुमलटार, ललितपुरमा खोलिनेछ। लगानी सम्बन्धी अन्तिम निर्णय बोर्डमा निहित रहनेछ। बोर्डको लगानी सम्बन्धी नीति तथा सिलबन्दी फाराम बोर्डको वेबसाइट **www.sebon.gov.np** मा राखिएको छ। थप जानकारीका लागि बोर्डको लेखा तथा वित्त शाखामा सम्पर्क गर्नहुन समेत सूचित गरिन्छ।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
नयाँ शहर आयोजना समन्वय कार्यालय
**नयाँ शहर आयोजना कार्यालय**
**बैरेनी/गल्छी, धादिङ्ग**

### बोलपत्र रद्द गरिएको सूचना।

यस कार्यालयले मिति २०८२-०६-०८ गतेको आर्थिक आभियान राष्ट्रिय दैनिकमा सुचना प्रकाशन गरि E-Procurement Portal मार्फत आव्हान गरेका तपशिल बमोजिमका बोलपत्रहरु सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ बमोजिम रद्द गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| ठेक्का नं. | कामको विवरण |
|---|---|
| NTPO/BAIRENIGALCHHI/ NCBWORKS/E-BID/01-082-083 | Dhading Jilla Galchhi Gaunpalika wada No. 6 & 7, Baiskila-Daltar-Khantar-Bhalukhop-Banjhgaun-Bahunpalang-Hudai Chisapani Kuwa- Baireni Sadak Staronnati |
| NTPO/BAIRENIGALCHHI/ NCBWORKS/E-BID/02-082-083 | Dhading Jilla Galchhi Gaunpalika wada No.-1, Thulochaur Park Nirman Karya Sampanna Garne |

सूचना प्रकाशन मिति:- २०८३।०३।२२ — **आयोजना प्रमुख**

नेपाल सरकार
**पूर्वाधार विकास मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौँ**
**सडक डिभिजन चन्द्रनिगाहपुर, रौतहट**

### ठेक्का अन्त्य गरिएको सम्बन्धी सूचना।
**सूचना प्रकाशित मिति : २०८३।०३।२२**

यस डिभिजन कार्यालय अन्तर्गत सञ्चालित तपसिलमा उल्लिखित ठेक्का तथा योजनाहरूको पटक पटक म्याद थप भई तोकिएको अवधिमा समेत निर्माण कार्य सम्पन्न गर्न निर्माण व्यवसायीबाट चासो एवं तदारुकता नदेखाई निर्माण कार्य अधुरो तथा अलपत्र पारी विगत लामो समयदेखि कार्यस्थलमा निर्माण व्यवसायी भौतिक रूपमा उपस्थित विहीन रहेको साथै यस कार्यालयबाट विभिन्न मितिमा लिखित तथा मौखिक रूपमा निर्माण कार्य सम्पन्न गर्न अनुरोध तथा जानकारी गराउँदा समेत निर्माण व्यवसायीबाट निर्माण कार्य सम्पन्न गर्न पहल नगरी गैरजिम्मेवारी तरिकाले अटेरी गरी निर्माण कार्य अधुरो तथा अलपत्र पारेको अवस्था छ। साथै विभिन्न मितिमा स्वयं निर्माण व्यवसायीहरूले लिखित माइन्युट, प्रतिबद्धता र संशोधित कार्यतालिका अनुसार निर्माण कार्य नगरेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) तथा ठेक्का सम्झौताको GCC Clause No. 72.1 (b), (c) र 72.3 (b). (g) सर्त प्रावधान अनुसार निर्माण व्यवसायीबाट करार उल्लङ्घन गरेकोले ठेक्का सम्झौता अन्त्य गरिएको छ। यस पश्चात् सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(८) को प्रावधान बमोजिम कार्य सम्पादन जमानत बापतको रकम जफत गरिने, ठेक्का सम्झौताको सर्त प्रावधान बमोजिम बाँकी कार्य पूरा गर्न आवश्यक पर्ने रकम सरकारी बाँकी सरह असुल उपर गरिने तथा सार्वजनिक खरिद नियमावली २०६४, को नियम १२८ (२) बमोजिमको उपचार प्राप्त गरिने साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ को प्रावधान बमोजिम कालो सूचीमा राख्न सिफारिस गरिनेछ। हालसम्म अद्यावधिक भएको काम र बाँकी कामको नापजाँच तथा मूल्याङ्कन गरी वित्तीय फरफारक गर्न यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा उपस्थित हुन समेत अनुरोध गरिन्छ। निर्माण व्यवसायी वा निजको प्रतिनिधि उपस्थित नभएमा कार्यालयबाट नापजाँच गरिनेछ।

**तपसिल :**

| ठेक्का नं. | निर्माण व्यवसायीको नाम | कार्यको नाम |
|---|---|---|
| RDCNP/33701176 -079/80-43 | माँ बौधी कन्स्ट्रक्सन, कटहरिया–२, रौतहट | Construction of Drain Works along Dhansar Katahariya Karkach Sadak Rautahat, at Jungalsahiya and Gonahi section |
| RDCNP/33701122-079/80-44 | गढीमाई रिया कन्स्ट्रक्सन, कटहरिया–२, रौतहट | Road Improvement Works along Lalbandi Na. Pa. 3 Jabdi ra Isworpur Jodne Jhim khola ko Uttarpati Raheko Dora Kholsa ma Culvert Nirman, Sarlahi. |

**डिभिजन प्रमुख**

### नाम परिवर्तन सम्बन्धी सूचना

**कम्पनी ऐन, २०६३ को दफा ५ बमोजिम स्थापना भएको प्रा.लि.नं. ३०७६२६/७९/८० रहेको साविक अस्त्र सोलुसन प्रा. लि. कम्पनीको नाम परिवर्तन भई अब उपरान्त अस्त्र सोलुसन्स प्रा. लि. कायम हुने गरी कम्पनी रजिस्ट्रारको कार्यालयबाट समेत स्वीकृति प्राप्त भइसकेको हुँदा सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**अस्त्र सोलुसन्स प्रा. लि.**
**ललितपुर महानगरपालिका–१५, खुमलटार, ललितपुर, नेपाल**

### श्री सुनसरी जिल्ला अदालतबाट पुनः जारी भएको
**रविविक्रम शाहकी पत्नी, काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. ३० बस्ने पदमा शाहका नाउँमा जारी भएको ७ (सात) दिने सूचना/म्याद..... ।**

यस अदालतबाट मिति २०७६।११।११ मा भएको आदेशानुसार मुलतवीमा रहेका तपसिलमा उल्लिखित मुद्दाहरू मिति २०८२।११।०१ मा जागी पुनः दर्ता भई कारबाही अगाडि बढेको हुँदा उक्त मुद्दाहरूमा तपाईंका नाउँमा जारी भएको ७ (सात) दिने म्याद बेपत्ते व्यहोराले तामेल भएकोले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १०५(२३) बमोजिम तपाईंका नाउँमा पुनः यो म्याद/सूचना प्रकाशित गरिएको छ। तसर्थ यो म्याद सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ७ (सात) दिनभित्र उक्त मुद्दाहरूमा तपाईं आफैँ वा कानून बमोजिमको आफ्नो प्रतिनिधि (वारेस) मार्फत यस अदालतमा निवेदनसाथ हाजिर हुनुहोला, म्यादभित्र हाजिर नभई म्याद गुजारी बसेमा कानून बमोजिम फैसला हुने छ, पछि त्यस विषयमा तपाईंहरूको कुनै उजुर लाग्ने छैन। **तपसिल**

| क्र.स. | वादी | प्रतिवादी | मुद्दा | मुद्दा नं. |
|---|---|---|---|---|
| १. | पदमा शाह | हर्कबहादुर लुईटेल समेत | दूषित लिखत बदर | ०८२–CP–१९९२ |
| २. | पदमा शाह | खड्गकुमारी श्रेष्ट | दूषित लिखत बदर | ०८२–CP–१९९३ |
| ३. | पदमा शाह | उर्मिलादेवी बुढाथोकी समेत | दूषित लिखत बदर | ०८२–CP–१९९४ |
| ४. | पदमा शाह | दुर्गामाया थापा समेत | दूषित लिखत बदर | ०८२–CP–१९९५ |
| ५. | पदमा शाह | कमला सुवेदी समेत | दूषित लिखत बदर | ०८२–CP–१९९६ |
| ६. | पदमा शाह | मनोजकुमार डाँगी समेत | दूषित लिखत बदर | ०८२–CP–१९९७ |
| ७. | पदमा शाह | कमला भट्टराई समेत | दूषित लिखत बदर | ०८२–CP–१९९८ |
| ८. | पदमा शाह | तारादेवी कोईराला समेत | दूषित लिखत बदर | ०८२–CP–१९९९ |
| ९. | पदमा शाह | देवीमाया दंगाल समेत | दूषित लिखत बदर | ०८२–CP – २००० |
| १०. | पदमा शाह | सितादेवी श्रेष्ठ समेत | दूषित लिखत बदर | ०८२–CP – २००१ |

**इति संवत् २०८३ साल असार २२ गते रोज २ शुभम्।**

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
**महाकाली प्रादेशिक अस्पताल**
महेन्द्रनगर कञ्चनपुर

### बोलपत्र रद्द सम्बन्धी सूचना
**सूचना प्रकाशित मितिः २०८३।०३।२२ (6th July 2026)**

महाकाली प्रादेशिक अस्पतालबाट Supply, delivery, installation and commissioning of video Arthroscopy system (IFB No. MPH/NCB/G/2082/083-06) सम्बन्धी मिति २०८२।१२।२४ गते प्रकाशित सूचना अनुसार www.bolpatra.gov.np/egp मार्फत पेश हुन आएका दुई वटै बोलपत्र दाताहरूका बोलपत्रहरू सारभूत रूपमा प्रभावग्राही नभएकाले सार्वजनिक ऐन, २०६३ को २६ को उपदफा १(क) बमोजिम अस्वीकृत गरी खरिद कारबाही रद्द गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**प्रमुख मेडिकल सुपरिटेन्डेन्ट**

### हार्दिक श्रद्धाञ्जली



**जन्म:**
१९९३ साल

**देहावसान:**
२०८३ साल असार १० गते

*जननी प्राण हुन् हाम्रो पाठशाला ठुलो कति*
*शब्द नै छैन नि आमा ! श्रद्धा उच्च तिमीप्रति*
*आमा ! गर्दछौँ बिन्ती तिमीसामु झुकीकन*
*समर्पण तिमीमा छ हाम्रो यो तन औ मन !*

एपेक्स लाईफ स्कुलका संस्थापक अध्यक्ष तथा नेसनल प्याब्सनका अध्यक्ष
आदरणीय श्री सुभाष न्यौपानेज्यूकी ममतामयी जननी

**स्व. हरि देवी न्यौपाने**

ब्रह्मलीन हुनुभएको १३औँ दिनको
पुण्यतिथिमा उहाँको पुण्य आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त
परिवारजन, इष्टमित्र तथा शुभेच्छुकहरूप्रति
हार्दिक समवेदना प्रकट गर्दछौँ।

**एल.आर.आई. विद्यालय परिवार**
कलङ्की, काठमाडौँ।